# स्थानीय राजपत्र

## भाग-२ खण्ड ४ संख्या ८

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

बागलुङ नगरपालिकाको दीगो विकास लक्ष्यहरु
स्थानीयकरण सम्वन्धी नीति तथा कार्ययोजना, २०७७

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ८, २०७७ श्रावण २८

**भाग–२**

**बागलुङ नगरपालिका**

# बागलुङ नगरपालिकाको दीगो विकास लक्ष्यहरु स्थानीयकरण सम्वन्धी नीति तथा कार्ययोजना, २०७७

## १. पृष्ठभूमिः

दिगो विकास लक्ष्य (एसडीजी) को उद्देश्य सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु हो । विश्वका मुलकहरूले मानिस, पृथ्वी र समृद्धिका लागि एक कार्ययोजना तयार गरेका छन् । चरम गरिबी लगायत गरिबीका सबै स्वरूप तथा आयामहरूको उन्मूलन गर्नु विश्वको सबैभन्दा ठूलो चुनौती रहेको छ । दिगो विकासका लागि गरिबीको अन्त्य एउटा अपरिहार्य आवश्यकता बनेको छ । यी १७ विकास लक्ष्यहरूले

सहस्राब्दी विकास लक्ष्य (एमडीजी) को उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई पूरा गर्न खोजेका छन् । सबैका लागि मानव अधिकार प्राप्त गर्ने र सबै महिला तथा बालिकाका लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्नु तिनको उद्देश्य रहेको छ । यी लक्ष्यहरू एकीकृत तथा अविभाज्य छन् । तिनले दिगो विकासका तीन आयाम आर्थिक, सामाजिक र वातावरणीय विकासलाई सन्तुलित गर्दछन् ।

## २. दिगो विकासका लक्ष्यहरु

बढ्दै गएको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २०३० सम्म मा पुरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेका छन् जसलाई दीगो विकासका लक्ष्य (दी.वि.ल.) भनिएको छ । २०३० एजेन्डा आत्मसाथ गरिरहदा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले “कोहि पनि पछाडि छोडिने छैन” भन्ने कुराको सुनिश्चतताका साथ (दी.वि.ल.) प्राप्तिमा अघि बढ्ने प्रतिज्ञा समेत लिएका छन् ।

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा महत्वाकाँक्षी दी.वि.ल. १५ वर्षमा पुरा गर्न विश्वव्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन् । यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका

छन् । यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तरसम्बन्धित छन् ।

१. सबै क्षेत्रमा रहेका सबै प्रकारका गरिबी अन्त्य गर्ने ।
२. दीर्घकालीन कृषिको प्रवर्द्धन गर्दै खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गरी भोकमरी अन्त्य गर्ने ।
३. सबै उमेर समूहका व्यक्तिाका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।
४. सबैका लागि जीनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्दै समावेशी, न्यायोचित र गुणात्मक शिक्षाको सुनिश्चितता गर्ने ।
५. सबै महिला, किशोरी र बालिकाहरुलाई सशक्त बनाई लैंगिक समानता हासिल गर्ने ।
६. सबैका निम्ति खानेपानी र सरसफाईको उपलब्धताको साथै यसको दीगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७. धान्न सकिने भरपर्दो, दीगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।
८. भरपर्दो, समावेशी र दीगो आर्थिक वृद्धि तथा सबैको लागि पूर्ण र उत्पादन मुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
९. उत्थानशील पूर्वाधारहरु निर्माण गर्ने, समावेशी तथा दीगो औद्योगिकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने ।
१०. मुलुक भित्र तथा बाहिरी मुलुकहरुको बीचमा रहेको असमानतालाई घटाउने ।
११. शहरहरु तथा मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दीगो बनाउने ।
१२. दीगो उपभोग र उत्पादनका ढाँचाहरु निर्माण गर्ने ।

१३. जलवायु परिवर्तन यसको प्रभावहरुसँग जुझ्न तत्काल कार्य अघि बढाउने ।

१४. दिगो विकासको निम्ति महासागरहरु, समुद्रहरु र समुद्रिक स्रोतहरु संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने ।

१५. पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरुको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभुमिकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने साथै जैविक विविधताको ह्रासलाई रोक्ने ।

१६. सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गरी न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने ।

१७. राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई जीवन्त तुल्याउँदै दिगो विकास लक्ष्य हासिल गर्न सबै उपाय तथा साधनहरुलाई सुदृढ गर्ने ।

## ३. दिगो विकास लक्ष्यलाई नगरपालिकाको नीति, योजना, कार्यसंस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकिकरण गर्नुको आवश्यकता

- दिगो विकास लक्ष्यमा विषयगत क्षेत्रहरु स्पष्ट किटान भएको, राष्ट्रिय लक्ष्य तोकिएको ।
- दिगो विकास लक्ष्य विश्वका १९३ वटा देशहरुको सर्वसम्मतिले तयार पारिएको योजना पत्र भएको ।
- गरिवीको उन्मूलनका लागि दिगो विकास लक्ष्यलाई एउटा महत्वपूर्ण सयन्त्र मानिएको ।
- राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो विकासको

लक्ष्यलाई नगरपालिकाको नीति, योजना, कार्य संस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकिकरण गर्न परिपत्र गरेको ।

- दिगो विकासका लक्ष्यहरु मापनयोग्य, विशिष्ट, समय सापेक्ष भएको ।

## ४. दिगो विकास लक्ष्यका आन्तरिकिकरणका नीतिहरु

- नगरपालिकाको पार्श्वचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा लिइनेछ । दिगो विकासका १७ वटा लक्ष्य अन्तर्गतका विषय क्षेत्रहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा स्थापित गरिने छ ।
- नगरपालिकाले आवधिक विकास योजना, क्षेत्रगत रणनीति योजना, गुरुयोजना तथा वार्षिक योजना तयार गर्दा दिगो विकास लक्ष्यले मार्गदर्शन गरेका विषयगत क्षेत्र, लक्ष्य तथा रणनीतिहरुलाई आधारको रुपमा लिनेछ ।
- नगरपालिकाले आफ्नो नगरपालिकाको नीति, ऐन, कार्यविधि, निर्देशिका तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई समेत मध्यनजर गर्दै नीति निर्माण गर्नेछ ।
- नगरपालिकाले नगरसभामा पेश गर्ने नीति तथा रणनीतिहरुमा दिगो विकासका लक्ष्यहरुलाई प्राथमिकता दिने छ ।

- नगरपालिकाले चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीहरु गर्दा दिगो विकासका लक्ष्यहरुलाई आत्मसात गरी ती विषयगत क्षेत्र अनुसारको प्रगति समीक्षा गर्नेछ ।
- नगरपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई आधार वनाउने छ ।
- नगरपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्नेछ ।
- दिगो विकास लक्ष्यका बारेमा नगरपालिकाका पदाधिकारी, वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गर्नेछ ।
- प्रदेश तथा संघमा नगरपालिकाले प्रस्ताव पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरुलाई आधार वनाएर प्रस्ताव लेखन कार्य गर्नेछ ।
- नगरपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरुलाई दिगो विकास लक्ष्यको वारेमा जानकारी गराउने छ ।
- नगरपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई दिगो विकासका लक्ष्यको वारेमा अभिमुखिकरण गर्नेछ ।
- नगरपालिकाभित्र भएका विभिन्न समूह, समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गरिने छ ।

उल्लेखित अवस्थाको कारण दिगो विकासका लक्ष्यहरुलाई आत्मसाथ गर्दै हरेक पालिकाले आफ्ना नीति तथा कार्यक्रम तर्जुमा गरी अगाडि बढ्नु आजको आवश्यकता भएको हुँदा बागलुङ नगरपालिकाले समेत दिगो विकासका लक्ष्यलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममममा आन्तरिकरण गर्दै जाने नीति लिएको छ ।

## ५. दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना

| क.सं. | विवरण | जिम्मेवारी | मिति |
|---|---|---|---|
| १ | नगरपालिकाको पार्श्वचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने । | योजना शाखा | २०८० असारभित्र |
| २ | नगरपालिकाको आवधिक योजना तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने । | योजना शाखा | २०८० असार भित्र |
| ३ | नगरपालिकाको नीति, कार्यनीति, रणनीतिहरुमा दिगो विकास लक्ष्यका उद्देश्य, रणनीति तथा नीतिहरुलाई समावेश गर्ने । | प्रशासन शाखा | निरन्तर |

| | | | |
|---|---|---|---|
| ४ | जेण्डर अडिट गर्दा दिगो विकासका लक्ष्यका प्रावधानहरुलाई प्राथमिकतामा प्रथमिकतामा राखी गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ५ | नगरपालिकाले आयोजना गर्ने चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीहरुमा दिगो विकास लक्ष्यका विषयगत क्षेत्र तथा सूचकहरुलाई आधार वनाउने । | योजना शाखा | २०८० असार भित्र |
| ६ | नगरपालिकाले वार्षिक योजना तथा प्रगति प्रतिवेदनमा दिगो विकासका लक्ष्यहरुलाई आधार वनाउने । | योजना शाखा | २०८० असार भित्र |
| ७ | नगर विकास समितिले गठन गर्ने विभिन्न समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यहरुको वारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |

| | | | |
|---|---|---|---|
| ८ | प्रदेश तथा संघमा नगरपालिकाले प्रस्ताव पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरुलाई आधार वनाएर प्रस्ताव लेखन कार्य गर्नेछ । | योजना शाखा | निरन्तर |
| ९ | नगरपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्ने । | योजना शाखा | निरन्तर |
| १० | दिगो विकास लक्ष्यका बारेमा नगरपालिकाका पदाधिकारी, वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गर्ने । | प्रशासन शाखा | २०८० असार भित्र |
| ११ | नगरपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | २०८० असार भित्र |

| | | | |
|---|---|---|---|
| १२ | नगरपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई दिगो विकासका लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | २०८० असार भित्र |
| १३ | नगरपालिकाभित्र भएका विभिन्न समूह, समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | २०८० असार भित्र |

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

प्रमाणिकरण मिति : २०७७०४।२८ गते बुधवार

आज्ञाले
डण्डपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत